नेपाल टेलिकमको वैधानिक हैसियतमा रहेको अन्योलबाट कसलाई फाइदा छ ?

उत्तम श्रेष्ठ, अधिवक्ता, नेपाल टेलिकम

नेपाल दूरसंचार कम्पनी (नेपाल टेलिकम)मा अर्थ मन्त्रालयका सचिव र सूचना तथा संचार मन्त्रालयका नाममा बहुमत शेयर रहेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ ले नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको कम्पनीलाई सार्वजनिक निकायको रूपमा परिभाषित गर्छ। यही परिभाषामा टेकेर यो कम्पनीलाई पनि सरकारी कम्पनी, सार्वजनिक निकाय एवं सार्वजनिक संस्थान भन्नेहरू छन् । यसो भन्नेहरू 'नेपाल सरकार'को संवैधानिक परिभाषा र सार्वजनिक संस्थानको कानूनी हैसियतबारे त्यति स्पष्ट छैनन्। नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० अनुसार नेपालको संविधान बमोजिम कार्यकारी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषदलाई नेपाल सरकार भनिन्छ। यसर्थ, यो कम्पनीमा नेपाल सरकारको स्वामित्व छ भन्न मिल्दैन। सार्वजनिक खरिद ऐन, २०६३ ले जनताबाट उठाइएको रकम सार्वजनिक कार्यको लागि गरिने सार्वजनिक खर्चको विधि प्रक्रिया तोकेको हो। तर नेपाल टेलिकमजस्ता सार्वजनिक खर्च नगर्नेलाई यो ऐन लाग्दैन। २०७३ मा सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधन भएर प्रतिस्पर्धा गर्ने कम्पनीले खरिद ऐन पालना गर्नु नपर्ने भनिएको छ। तर सार्वजनिक खरिद नियमावली देखाएर खरिद ऐनको आधारभूत कुरा मान्नु पर्छ भन्ने तर्क गरेपछि फेरि सार्वजनिक खरिद ऐन नै पालना गर्नु पर्ने धारणा पुनः बलियो बनेको छ।

सरकारले ठूलो लगानी चाहिने सार्वजनिक हितको लागि गरिने कार्यको लागि संसदबाट विशेष ऐन ल्याएमा सरकारी कम्पनी खोल्ने चलन छ, उदाहरणको लागि नेपाल पानी जहाज कम्पनी ऐन, २०७५। यस्तो कम्पनीको विनियम सरकारबाट अनुमोदन हुनुपर्छ। यसको बजेट सरकारले नै व्यवस्था गर्छ। यस्तो कम्पनीलाई कर पनि लाग्दैन। यस्तो कम्पनीको काम मुनाफा नभई सार्वजनिक सेवा गर्ने हुन्छ । आवश्यक परे सरकारले अनुदान दिएर सेवालाई सस्तो समेत गर्छ। तर्सथ यस्तो प्रकृतिको कम्पनीलाई मात्र सार्वजनिक संस्थान भन्ने चलन विश्वमा रहेको छ।

कम्पनी ऐन, २०५३ मा सरकारी कम्पनी दर्ता गर्ने व्यवस्था नभएकोले त्यसअनुसार दर्ता भएको नेपाल टेलिकमलाई सार्वजनिक संस्थान होइन भनी कतिपय सरकारी निकायले सम्बोधन गरेका पनि हुन्। तर यो कम्पनीलाई सार्वजनिक संस्थान र यसले गर्ने खर्चलाई सार्वजनिक खर्च भन्ने अन्धविश्वास रहेपछि राज्यका विभिन्न निकायमा उजूर हालेर यो कम्पनीलाई चौतर्फी आक्रमण गर्ने बाटो खुल्यो, र यसलाई राम्रोसँग चलाउन नसकिएको भन्दै रणनीतिक साझेदार ल्याउन बाध्य बनाइयो। तर यसको कानुनी स्थिति स्पष्ट नहुञ्जेल नेपाल टेलिकम एउटा वर्गीकरण गर्न नमिल्ने र अर्थराजनीतिक स्वार्थअनुसार बलियाले आफ्नो प्रभावमा पारी हुर्कन नदिने संस्था बनी रहनेछ।